# आर्थिक ऐन (पहिलो संशोधन),

२०७५

# सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन (पहिलो संशोधन), २०७५ को दफा १० लाई संशोधन गर्ने सम्बन्धी विधेयक

प्रस्तावनाः- सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १८७ को उपधारा २ बमोजिमको अधिकार प्रयोग गरी प्रदेश सभाले देहाय बमोजिमको यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस ऐनको नाम आर्थिक ऐन **(पहिलो संशोधन), २०७५** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. आर्थिक ऐन, २०७५ को दफा १० मा संशोधन :-

आर्थिक ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको) को दफा १० को उपदफा (१) को सट्टामा देहाय बमोजिमको व्यवस्था राखिएको छ ।

"(१) प्रदेश, क्षेत्र भित्र संचालित उद्योग, व्यापार, व्यवसाय र सेवामा दर्ता र नविकरणका बखत अनुसूची ७ बमोजिमको प्रदेश सेवा शुल्क दस्तुर लाग्नेछ" ।

आर्थिक ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको) को दफा १० को उपदफा (२) को सट्टामा देहाय बमोजिमको व्यवस्था राखिएको छ ।

" (२) कर प्रशासन जिल्ला स्थित घरेलु तथा साना उद्योग एवं वाणिज्य कार्यालयले गर्नेछ"।

आर्थिक ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको) को दफा १० को उपदफा (३) को सट्टामा देहाय बमोजिमको व्यवस्था राखिएको छ ।

" (३) संकलन गरेको शुल्क संकलन गरेको दोस्रो दिन प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ" ।

प्रदेश सभा सुदूरपश्चिम प्रदेश कैलाली, नेपाल

प्रदेश सभाको सम्वत् २०७५ साल आश्विन महिनाको २३ गते मंगलबारका दिन बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

..............................

मा. अर्जुन बहादुर थापा

सभामुख

सुदूरपश्चिम प्रदेश सभा

मितिः- २०७५।०६।२४

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गर्दछु ।

मितिः- २०७५।०६।२५.

..............................

मा. मोहन राज मल्ल

प्रदेश प्रमुख